# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २० ] काठमाडौं, कार्तिक १० गते २०२७ साल [ संख्या २७

श्री ५ को सरकार

### परराष्ट्र मन्त्रालय

**बैदेशिक सेवा (संशोधन) नियमावली, २०२७**

बैदेशिक सेवा नियमावली, २०२७ (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न आवश्यक भएकोले निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "बैदेशिक सेवा (संशोधन) नियमावली, २०२७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीमा थपः– मूल नियमावलीको परिच्छेद ४ को नियम ४० पछि देहायबमोजिमको नियम ४० क. थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
259

४०. क. भ्रमण, दैनिक तथा बैदेशिक भत्तासम्बन्धी थप व्यवस्था:– (१) एक वर्षभन्दा बढी समय साथमा रहने गरी गएको आश्रित पति र आमाबाबुमध्ये कुनै १ जीवितरहेकोमा त्यस्तो आमा वा बाबुले नियम २१ बमोजिम भ्रमण भत्ता पाउन सक्नेछन् ।

(२) उपनियम (१) मा उल्लेखित पति र आमा वा बाबुले सोही उपनियमबमोजिम भ्रमण भत्ता पाउने भएमा सेवाका कर्मचारीले पाउने दरको आधा दैनिक भत्ता पाउनेछन् ।

(३) माथि उल्लेख भएका पति र आमा वा बाबुले भ्रमण भत्ता पाउने भएमा नियम ४० बमोजिम पत्नीले पाएसरह बैदेशिक भत्ता पाउनेछन् ।

आज्ञाले–
भरत राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252